# आप्रवासी महिलाहरुले अनुभव गर्नसक्ने घरेलु हिंसाका रुपहरु

~ भित्रि घेरा सबै महिला हरुमा लागु हुन्छ भने बाहिरी घेरा आप्रबासी महिला हरुमा लागु हुन्छ

~ यस शक्ति र नियन्त्रण चक्रको प्रयोग गर्दा शारीरिक र यौन दुर्व्यबहारलाई समावेश गर्नुहोस




शक्ति र नियन्त्रण चक्र को यो संस्करण थुप्रै अनलाईनमा उपलब्ध श्रोतहरु तथा दुलुथ, मिन्नेयासोतामा रहेको घरेलु दुर्व्यबहार हस्तछेप आयोजनामा आधारित रहेकोछ. यो महिला हरुकोलागि न्यायिक बिकल्प इन्क, पीइआइ, घरेलु हिंसा नियन्त्रण सेवा र पीइआइ एसोसिअशन फर न्युकमर्स टु क्यानाडा द्वारा तयार पारिएको हो.

PEI Family Violence Prevention Services Inc.

Justice Options for Women Prince Edward Island

PEI Association for Newcomers to Canada

# दुर्व्यबहार मा परेका आप्रबशी महिला तथा युवती हरु को सहयोग कोलागि पीइआइमा सेवा प्रदायक हरुको बारेमा जानकारी

महिला हरुसंग दुर्व्यबहार सबै जातीय, धार्मिक, आर्थिक, सामाजिक र उमेर समुह हरुमा हुनेगर्छ। त्यति हुँदा पनि महिला एक दिन समबन्ध राम्रो हुनेछ, परिवार नटुटोस, साथी तथा परिवार संग छुट्टिनुनपरोस, घर परिवार र समाजले आफुलाई दोष नलगाओस भन्दै घर छोडेर जांदिनन। उनि आफुमाथि भएको दुर्व्यबहारको लागि आफै लाई दोषी ठान्न सक्छिन वा आफैदेखि लज्जित भएको हुनसक्छिन, आफ्नो वा आफ्नो सन्तानको सुरक्षाको कारणले डराएको हुनसक्छिन, खर्चको लागि श्रीमानको भर परेको हुनसक्छिन अथवा आफु माथि भएको दुर्व्यबहारले उनको आत्म सम्मानमा कमि आएको हुनसक्छ ।

आप्रबाशी महिला हरुले अरु महिला जस्तै अबरोध हरुको (शक्ति तथा नियन्त्रण चक्रको भित्रि घेरामा देखाइएको जस्तो) सामना गरिरहेका हुन्छन ; त्यो बाहेक उनि हरुसंग भाषा, सांस्कृतिक, धार्मिक, कानुनी र आप्रबाशसंग सम्बन्धित अबरोधहरु (शक्ति तथा नियन्त्रण चक्रको बाहिरी घेरा मा देखाईएको जस्तो). पनि हुन्छ ।

आप्रबाशी महिला कानुनी सेवा प्राप्त गर्न डराएको हुनसक्छिन किनभने उनलाई क्यानाडाको कानुनी प्रक्रियाको बारेमा थाहा नहुनसक्छ वा आफ्नो देशको कानुनी सेवामा हुने गरेको अन्याय वा भ्रस्टाचारको बारेमा थाहा पाएको हुनासक्छिन जसले गर्दा क्यानाडाको कानुनी सेवाबाट पनि न्याय पाइदैन भन्ने डर लागेको हुनसक्छ। दुर्व्यबहारकर्ताले क्यानाडामा शारीरिक वा यौन हिंसा गर्नु गैरकानुनी हुन्छ भन्ने थाहापाएर त्यस्तो हिंसा नगरे पनि शाब्दिक, भावनात्मक र आर्थिक दुर्व्यबहार गरेको हुन्छ र यस्तो दुर्व्यबहार कोबारेमा पनि कानुनी सेवा पाइन्छ भनि महिलालाई थाहा नहुनसक्छ।

आप्रबाशन/सरणार्थी अवस्था अथवा गैरकानुनी रुपमा क्यानाडामा बसेको कारणले कति महिलाले कानुनी उपचार पाउने प्रयाश गर्दिनन। आफ्नो श्रीमानद्वारा प्रायोजित धेरै महिलाहरुले आर्थिक रुपले श्रीमानको भर पर्नुपर्नेहुन्छ। केहि महिला पुलिस, कोर्ट वा अस्पतालको सहयोग माग्दा आफु वा दुर्व्यबहारकर्तालाई आफ्नो देश फिर्ता पठाईदिन्छ भनेर पनि डराउछन। साथै महिलाहरु आफुसंग भएको दुर्व्यबहार अरुलाई बताएमा बच्चाहरु संग छुट्टिनुपर्छ भनि पनि डराउछन।

पीइआइ घरेलु हिंसा निवारण इंकको बाहिरि पहुंच सेवा

| | |
|---|---|
| क्वीन्स | 902-566-1480 |
| पुर्बी प्रिन्स | 902-436-0517 |
| पच्छिमी प्रिन्स | 902-859-8849 |
| पुर्बी पीइआइ | 902-838-0795 |

एंडर्सन हाउस (दुर्व्यबहारमा परेका महिला र बालबालिकाको आश्रय)
902-892-0960
टोल फ्री : 1-800-240-9894

विक्तिम सर्विसेस
क्वीन्स र किंग्स काउन्टी
902-368-4582
प्रिन्स काउन्टी 902-888-8218

पीइआइ रेप एंड सेक्सुअल असौल्ट सेन्टर
902-566-1864
टोल फ्री : 1-866-566-1864

सामुदायिक कानुनी जानकारी सेवा तथा वकिल रेफेरल सेवा
902-892-0853
टोल फ्री : 1-800-240-9798

चैल्ड प्रोटेकसन/बालबालिका सुरक्षा
टोल फ्री : 1-800-341-6868

पीइआइ एसोसिअशन फर न्युकमर्स टु क्यानाडा
902-628-6009